नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
**प्यूठान**

Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np, daopyuthan2074@gmail.com
फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या : ०७७/०७८
चलानी नं. :

मिति : २०७८/१०/१५

## जिल्ला प्रशासन कार्यालय प्यूठानबाट जारी गरिएको आदेश ।

पछिल्लो समयमा कोभिड-१९ तीव्र रुपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचार गर्ने सम्बन्धमा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७८/०९/२५ को बैठकले गरेको सिफारिस, मिति २०७८/०९/२६ को नेपाल सरकार गृह मन्त्रालयको (माननीय मन्त्रीस्तरको) निर्णय, मिति २०७८/१०/१५ गतेको जिल्ला स्थित सर्वदलिय/सर्वपक्षिय, सरोकारवाला निकायहरुको उपस्थितिमा बसेको कोभिड-१९ व्यवस्थापन समितिको बैठकको सिफारिस समेतका आधारमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ तथा अन्य प्रचलित कानून बमोजिम मिति २०७८/१०/१६ गते देखि लागुहुने गरी तपशिल बमोजिमका कार्यहरु अर्को आदेश नभएसम्मका लागि गर्न/गराउन सबैको जानकारीको लागि यो आदेश जारी गरिएको छ

**१. निषेध गरिएका गतिविधिहरु**

- २५ जना भन्दा बढीको संख्यामा मानिसहरु भौतिक रुपमा उपस्थित भएर गरिने राजनितिक, प्रशासनिक तथा अन्य भेला, गोष्ठी, सभा,समारोह, बैठक लगायतका क्रियाकलापहरु गर्न/ गराउन।
- कोभिड-१९ को खोप लगाएको कार्ड अनिवार्य गरिएको क्षेत्रमा प्रवेश गर्न तथा सार्वजनिक सेवा लिन कोभिड-१९ को खोप लगाएको कार्ड नलिएका व्यक्तिका लागि प्रवेश गर्न/ गराउन ।
- विद्यालय, कलेज, टयुसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा मिति २०७८ माघ मसान्तसम्म भौतिक उपस्थितिमा सञ्चालन गर्न/गराउन ।

**२. खोप लगाउने प्रयोजनका लागि मिति २०७८/१०/१६ गते देखि २०७८/१०/२० गतेसम्म खोप केन्द्र तोकिएका विद्यालयहरु मात्र खुल्ला रहनेछन् ।**

**३. कोभिड-१९ को रोकथाम, नियन्त्रयण, निदान र उपचारका लागि आम नागरिकले देहाय बमोजिम गर्ने ।**

- जनस्वास्थ्यका मापदण्डहरु (मास्क अनिर्वाय लागउने, दुई व्यक्ति बीच कम्तीमा २ मिटरको दुरी कायम राख्ने, पटक-पटक साबुन पानीले हातधुने वा सेनिटाइजर प्रयोग गर्न ) को पूर्ण रुपमा पालना गर्ने ।
- घरबाट बाहिर निस्किंदा अनिवार्य रुपमा खोप कार्ड (मोवाइलमा फोटो भए पनि हुने) राख्ने
- प्रयोग गरिएका विर्सजन गर्नु पर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विर्सज गर्ने ।
- पी.सी.आर परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहीर हिंडडुल, भेटघाट र बैठक नगर्ने ।
- विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भएता पनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिर्वाय रुपमा बस्ने ।
- होम आइसोलेसनमा बसेका व्यक्तिहरु स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा जाने ।
- नेपाल सरकारले तोके बमोजिम कोभिड-१९ विरुद्धको खोप अनिवार्य लगाउने ।

**४. व्यापार व्यवासय सञ्चालनको हकमा देहाय बमोजिमका मापदण्ड पालना गरी सञ्चाल गर्ने ।**

- सबै प्रकारका भिडभाड हुन नदिन पूर्ण खोप लगाएको कार्ड (मोबाइलमा फोटो भए पनि हुने ) हुनुपर्ने र जनस्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने गरी सञ्चालन गर्ने ।

- सबै प्रकारका व्यवसायहरुको अग्रपंक्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।
- होटेल, रेष्टुरेनट तथा अन्य व्यवसायहरु साँझ ८:०० बजे देखि बन्द गर्ने ।

५. **धार्मिकस्थल मन्दिर र धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन सम्बन्धमा**

- बिवाह, ब्रतबन्ध, न्वारन तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक वा सामाजिक कार्यक्रम सञ्चान गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने गरी पूर्ण खोप लगाएका २५ जना मात्र उपस्थित रहने र प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृति लिने ।
- विदेशी नागरिक तथा अन्य जिल्लाहरुबाट स्वर्गद्धारी मन्दिर आउने भक्तजनहरुलाई जिल्लाको सिमा प्रवेश विन्दुमा, अन्य जिल्ला तथा जिल्लाभित्रका भक्तजनहरुलाई समेत खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) को निरीक्षण सुरक्षाकर्मीबाट गराएर मात्र स्वर्गद्धारी मन्दिरमा प्रवेश गर्न दिने ।
- मठ, मन्दिर लगायत धार्मिक स्थलहरुमा सम्बन्धित पूजारीबाट जनस्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्य रुपमा पालना गरी/गराई नित्यपूजा, ध्यान वा प्रार्थना गर्न दिने ।

६. **होटेल तथा रेष्टुरेण्टको हकमा देहाय बमोजिमका मापदण्ड पालना गरी सञ्चालन गर्ने**

- कामदारले अनिर्वाय रुपमा मास्क लगाउने ।
- प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिर्वाय गर्ने ।
- स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी एक पटकमा बढीमा २५ जना लाई मात्र प्रवेश गर्ने गराउने ।
- नियमित रुपमा निसङ्क्रमण गर्नुपर्ने ।
- खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा प्रवेश गर्न दिने ।
- कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउनेलाई प्रवेश गर्न नदिने ।

७. **सार्वजनिक सवारीमा देहाय बमोजिम मापदण्डहरुको पूर्ण पालना गरी सञ्चालन गर्नुपर्ने ।**

- सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
- सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।
- सवारी साधनमा सेनिटाइजरको व्यवस्थाका साथै दैनिक रुपमा अनिवार्य रुपमा सवारी साधनको निसङ्क्रमण गर्ने ।
- चालक तथा सह-चालकले मास्क अनिवार्य प्रयोग गर्ने ।
- लामो दूरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

८. सार्वजनिक सेवा लिन सबैले खोप कार्ड (मोबाइलमा फोटो भए पनि हुने) अनिवार्य आफ्नो साथमा राख्ने ।

९. जनशक्ति भर्ना सम्बन्धी सबै किसिमका परीक्षाहरुमा जनस्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिर्वाय रुपमा पालना गरी सञ्चालन गर्न सकिने ।

१०. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्ति कोभिड-१९ को लक्षण देखिएमा अनिर्वाय रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

११. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघसंस्था, कलकारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने गराउने ।

१२. आदेशमा लेखिए भन्दा भिन्न कुनै आकस्मिक परिस्थिति सिर्जना भएमा नजिकको सुरक्षा निकाय वा एकाइमा जानकारी गराउने र सोही बमोजिम गर्ने/गराउने ।

१३. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यस आदेशको अवज्ञा गर्ने वा आदेशको कार्यान्वयनमा बाधा पुराउने व्यक्ति तथा निकायलाई प्रचलित कानून बमोजिम कारबाही र सजाय हुनेछ ।

२०७८/१०/१४